# ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८

प्रस्तावनाः ई.पी.सी. माध्यमबाट गरिने खरिदमा एकरुपता कायम गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) को खण्ड (ख) तथा दफा ७४क. ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट नेपाल सरकारको स्वीकृतिमा यो निर्देशिका जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ई.पी.सी." भन्नाले निर्माण सम्बन्धी आयोजनाको डिजाईन सहित ईन्जिनियरिङ्ग, खरिद तथा निर्माण चरणका कार्यहरु तथा आवश्यकता अनुसार निर्धारित अवधिका लागि गर्नुपर्ने मर्मत सम्भार र सञ्चालन समेत निर्माण व्यवसायीबाट गराउने माध्यम सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालय सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ ।

(ङ) "निर्माण व्यवसायी" भन्नाले ई.पी.सी. माध्यमबाट हुने खरिद प्रक्रियामा बोलपत्र स्वीकृत भएका निर्माण व्यवसायी सम्झनु पर्छ र सो शब्दले संयुक्त उपक्रमका साझेदारलाई समेत जनाउँछ ।

३. ई.पी.सी. माध्यमबाट खरिद गर्न सकिनेः सार्वजनिक निकायले ठूला र जटिल प्राविधिक क्षमता आवश्यक पर्ने देहायका आयोजनाको लागि ई.पी.सी. माध्यमबाट खरिद गर्न सक्नेछः-

(क) सुरुङ्ग, सुरुङ्ग मार्ग वा फलाई ओभर जस्ता संरचना तयार गरी निर्माण गरिने सडक, सिंचाई, खानेपानी, जलविद्युत वा प्राविधिक रुपमा जटिल प्रकृतिको पुल जस्ता पूर्वाधार निर्माण सम्बन्धी आयोजना,

(ख) विमानस्थल, रङ्गशाला, सभागृह जस्ता भौतिक संरचना निर्माण सम्बन्धी आयोजना,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ग) पूर्वनिर्मित जटिल प्लाण्ट जडान गर्नु पर्ने फोहोर व्यवस्थापन आयोजना, प्रशोधन केन्द्र वा त्यस्तै प्रकृतिका अन्य आयोजना,

(घ) दफा ४ को उपदफा (२) बमोजिमको निकायले उपयुक्त ठानेका अन्य पूर्वाधार आयोजना ।

४. <u>प्रारम्भिक अध्ययन गर्नु पर्ने:</u> (१) सार्वजनिक निकायले ई.पी.सी. माध्यमबाट खरिद गरी निर्माण कार्य गर्नु अघि कम्तीमा आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय पक्षमा आयोजनाको सम्भाव्यता अध्ययनका आधारमा प्रतिवेदन तयार गरी आयोजनाको प्रारुप डिजाइन (कन्सेप्च्युअल डिजाइन) समेत तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समेतको आधारमा कुनै आयोजनाको लागि ई.पी.सी. माध्यमबाट खरिद प्रक्रिया अघि बढाउन उपयुक्त देखिएमा देहायको निकायबाट निर्णय गर्नु पर्नेछः-

(क) सङ्घीय आयोजनाको हकमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय,

(ख) प्रदेशस्तरका आयोजनाको हकमा प्रदेश मन्त्रिपरिषद्,

(ग) स्थानीय तहका आयोजनाको हकमा स्थानीय तहको कार्यपालिका,

(घ) ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२), (३), (५), (६) र (७) बमोजिमका सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकाय ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजात सँगै बोलपत्रदातालाई उपलब्ध गराउनु पर्नेछ ।

तर सो प्रतिवेदनमा उल्लिखित तथ्यको शुद्धता (एकुरेसी) को विषयमा सार्वजनिक निकाय जिम्मेवार हुने छैन र सो विषय बोलपत्र सम्बन्धी कागजातमा समेत उल्लेख गर्नु पर्नेछ ।

५. <u>लागत अनुमान:</u> (१) सार्वजनिक निकायले ई.पी.सी. माध्यमबाट खरिद गर्दा देहाय बमोजिम लागत अनुमान तयार गर्नु पर्नेछः-

(क) विस्तृत परियोजना प्रतिवेदन तयार भएको आयोजनाको हकमा अनुसूची बमोजिम,

(ख) विस्तृत परियोजना प्रतिवेदन तयार नभएको आयोजनाको हकमा आयोजनालाई विभिन्न खण्ड (कम्पोनेन्ट) मा विभाजन गरी सोको लागि चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, मूल्य वृद्धि दर तथा विदेशी विनिमय दर समेतको आधारमा ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिमको लागत अनुमानमा निर्धारित अवधिका लागि गर्नुपर्ने मर्मत सम्भारको लागि लाग्ने लागत र निर्माण व्यवसायीबाट सञ्चालन समेत गराउनु पर्ने आयोजनाको हकमा सञ्चालनको लागि लाग्ने लागत समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिम लागत अनुमान तयार गर्दा दुई वर्षभन्दा बढी सम्झौता अवधिको खरिदका हकमा अनुसूची बमोजिम समायोजन गरी कुल लागत अनुमान तयार गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको लागत अनुमानको आधारमा सार्वजनिक निकायले बोलपत्रको प्रयोजनको लागि एकमुष्ट कुल लागत अनुमान तयार गरी बोलपत्रदातालाई उपलब्ध गराउनु पर्नेछ।

६. <u>विवरण खुलाउनु पर्ने:</u> सार्वजनिक निकायले बोलपत्र आह्वान गर्दा आयोजना सम्बन्धी उपलब्ध जानकारीहरूका साथै आवश्यकता अनुसार आयोजनाको सर्वेक्षण, डिजाईन, नक्सा, गुणस्तर जाँच र सुनिश्चितता सम्बन्धी प्रावधान र आयोजनाले प्राप्त गर्नुपर्ने उपलब्धिको सुचक सहितको विवरण विस्तृत रुपमा खुलाउनु पर्नेछ।

७. <u>योग्यताको आधार:</u> (१) सार्वजनिक निकायले बोलपत्र सम्बन्धी कागजातमा योग्यताका आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सीमित नहुने सुनिश्चतता गरिएको, बजारमा प्रतिस्पर्धीको उपस्थितिको लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षणको प्रतिकूल नभएको विषय समेत सुनिश्चित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताका आधार निर्धारण गर्दा देहायका विषयहरू समेत समावेश गर्नुपर्नेछः-

(क) संयुक्त उपक्रम नभएको एकल बोलपत्रदाताको हकमा ई.पी.सी., टर्न की वा डिजाईन एण्ड बिल्ड (डिबी) खरिद माध्यमबाट लागत अनुमानको कम्तीमा चालीस प्रतिशत बराबरको समान प्रकृतिको कार्य गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने.

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि,-

(१) "टर्न की" भन्नाले निर्माण व्यवसायीले डिजाईनका साथै निर्माण कार्य सम्पन्न गरी तयार गरेको संरचना प्रयोगमा ल्याउने गरी सार्वजनिक निकायलाई हस्तान्तरण गर्ने खरिद विधि सम्झनु पर्छ।

(२) "डिजाईन एण्ड बिल्ड (डिबी)" भन्नाले सार्वजनिक निकायबाट उपलब्ध तथ्य वा अध्ययनको आधारमा निर्माण व्यवसायीले नै डिजाईन तयार गरी सो डिजाईन बमोजिम त्यस्तो निर्माण व्यवसायीबाट निर्माण गरिने खरिद विधि सम्झनु पर्छ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) संयुक्त उपक्रमको बोलपत्रदाताको हकमा देहाय बमोजिम हुनु पर्नेः-

(१) कुनै एक साझेदारले ई.पी.सी., टर्न की वा डिजाईन एण्ड बिल्ड (डिबी) को खरिद माध्यमबाट लागत अनुमानको कम्तीमा चालीस प्रतिशत बराबरको समान प्रकृतिको कार्य गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने.

(२) प्रत्येक साझेदारले लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत रकम बराबर सार्वजनिक निर्माणको कुनै पनि क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने ।

८. <u>मूल्याङ्कन र छनौटका आधार:</u> बोलपत्रदाता छनौट गर्दा सार्वजनिक निकायले देहाय बमोजिम मूल्याङ्कन गरी छनौट गर्नु पर्नेछः-

(क) विस्तृत परियोजना प्रतिवेदन तयार भएको आयोजनाको हकमा प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका बोलपत्रमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र,

(ख) विस्तृत परियोजना प्रतिवेदन तयार नभएको आयोजनाको हकमा बोलपत्रदाताको योग्यता र अनुभव, आयोजनाको बुझाइ (अन्डरस्टयाण्डिङ) र सोका आधारमा गरिएको प्रस्तावित डिजाइन तथा जनशक्ति, मेशिनरी उपकरण, आर्थिक क्षमता समेतका आधारमा योग्य देखिएका बोलपत्रदातामध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र ।

९. <u>एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्रयाक्ट):</u> ई.पी.सी. माध्यमबाट खरिद गर्दा एकमुष्ट कार्यसम्पादन (लमसम कन्ट्रयाक्ट) को आधारमा प्रतिस्पर्धा गराई खरिद सम्बन्धी कारबाही गर्नु पर्नेछ ।

१०. <u>ड्रइङ तथा डिजाइन पेश गर्ने:</u> (१) निर्माण व्यवसायीले खरिद सम्झौतामा उल्लेख गरिएको अवधिभित्र आयोजनाको ड्रइङ तथा डिजाइन सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण व्यवसायीले पेश गरेको ड्रइङ तथा डिजाइन आयोजनाको कार्यक्षेत्र (स्कोप), स्टयाण्डर्ड तथा प्रारम्भिक डिजाइन बमोजिम भए नभएको सम्बन्धमा विज्ञ टोलीद्वारा जाँच गराई देहायको निकाय वा अधिकारीले स्वीकृत गर्नु पर्नेछः-

(क) सङ्घीय आयोजनाको हकमा सम्बन्धित विभागीय प्रमुख,

(ख) प्रदेशस्तरीय आयोजनाको हकमा प्रदेश मन्त्रालयको सचिव,

(ग) स्थानीय तहस्तरीय आयोजनाको हकमा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(घ) ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (२), (३), (५), (६) र (७) बमोजिमका सार्वजनिक निकायको हकमा त्यस्तो निकायको कार्यकारी प्रमुख ।

११. माइलस्टोन तयार गर्ने: (१) सार्वजनिक निकायले सम्पूर्ण आयोजनालाई सामान्यतया चार देखि सात वटा मुख्य क्रियाकलाप (माइलस्टोन) मा विभाजन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्रियाकलाप (माइलस्टोन) तयार गर्दा देहायका विषय खुलाउनु पर्नेछः-

(क) प्रत्येक क्रियाकलाप (माइलस्टोन) मा निर्माण व्यवसायीले पूरा गर्नुपर्ने शर्त,

(ख) प्रत्येक क्रियाकलाप (माइलस्टोन) को नतिजा स्पष्ट मापन गर्न सकिने सूचक,

(ग) प्रत्येक क्रियाकलाप (माइलस्टोन) को प्रगति तथा कुल कबोल अङ्कको आधारमा आयोजनाको विभिन्न चरणमा गरिने भुक्तानीको भार सहितको तालिका ।

१२. गुणस्तर नियन्त्रण र गुणस्तरको सुनिश्चितता: सार्वजनिक निकायले निर्माण व्यवसायीले गरेको निर्माण सम्बन्धी कार्यको परीक्षण तथा नापजाँच गरी वा गराई गुणस्तर नियन्त्रण तथा सुनिश्चित गर्नु पर्नेछ।

१३. भुक्तानी व्यवस्था: (१) दफा ११ बमोजिमको क्रियाकलाप (माइलस्टोन) को प्रगतिको आधारमा सार्वजनिक निकायले सो दफाको उपदफा (२) को खण्ड (ग) बमोजिमको भारको आधारमा निर्माण व्यावसायीलाई रकम भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम भुक्तानी गर्नु अघि दफा १२ बमोजिम गुणस्तर सुनिश्चित गर्नु पर्नेछ।

१४. जोखिम बहन गर्ने: ई.पी.सी. माध्यमबाट गरिने खरिदमा डिजाइन, निर्माण तथा मर्मत सम्भार गर्दा उत्पन्न हुने भौगर्भिक, व्यावसायिक तथा प्राविधिक लगायतका सम्पूर्ण जोखिम निर्माण व्यवसायीले वहन गर्नु पर्नेछ ।

१५. वारेण्टी, मर्मत सम्भार वा सञ्चालन व्यवस्था: (१) वारेण्टी तथा मर्मत सम्भार अवधि निर्धारण गर्दा आयोजनाको प्रकृति अनुसार निर्माण सम्पन्न भएको कम्तीमा दुई वर्ष हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) बोलपत्र सम्बन्धी कागजातमा निर्माण कार्यको प्रकृति बमोजिम आवश्यक पर्ने वारेण्टी, मर्मत सम्भार गर्ने अवधि वा सञ्चालन गर्ने विधि सम्बन्धी व्यवस्था प्रष्ट रुपमा खुलाउनु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम निश्चित अवधिसम्मका लागि मर्मत सम्भार वा सञ्चालन समेत गर्नुपर्ने अवस्थामा सार्वजनिक निकायले आयोजनाको कार्यसम्पादन सूचकहरु (पर्फर्मेन्स इन्डिकेटर) उल्लेख गरी अनुगमन गर्नु पर्नेछ ।

१६. म्याद थप नहुने: सम्बन्धित आयोजनाको संरचनामा असर पर्ने गरी भूकम्प, आगलागी, अतिवृष्टि, बाढी, पहिरो जस्ता विपद्को अवस्था सिर्जना भएको वा कुनै महामारीको अवस्थामा नेपाल सरकारले जारी गरेको आदेश बमोजिम लामो समय कार्य सम्पादन हुन नसकी समयमा काम सम्पन्न हुन नसकेको अवस्थामा बाहेक अन्य कारणले म्याद थप गरिने छैन ।

१७. भेरिएशन: सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गरेको अवस्थामा बाहेक कुनै किसिमले भेरिएशन आदेश जारी गरिने छैन ।

१८. मूल्य समायोजन नहुने: यस निर्देशिका बमोजिम गरिएको खरिदमा मूल्य समायोजन गरिने छैन ।

१९. क्षतिपूर्ति: (१) दफा ११ मा उल्लिखित माइलस्टोन बमोजिमको कार्यसम्पादन गर्न नसकेमा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनु पर्नेछ ।

(२) आयोजना अवधिमा सम्पूर्ण कार्य सम्पन्न भएमा उपदफा (१) बमोजिम लगाइएको पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धित निर्माण व्यवसायीलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेख भए बाहेक सम्झौता बमोजिमको कार्यसम्पादन नभएमा सार्वजनिक निकायले सम्झौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीलाई क्षतिपूर्ति लगाउनु पर्नेछ ।

(४) आयोजनाको संरचनामा असर पर्ने गरी भूकम्प, आगलागी, अतिवृष्टि, बाढी, पहिरो जस्ता विपद्को अवस्था सिर्जना भएको वा कुनै महामारीको अवस्थामा नेपाल सरकारले जारी गरेको आदेश बमोजिम लामो समय कार्य सम्पादन हुन नसकी समयमा काम सम्पन्न हुन नसकेको कारणले निर्माण व्यावसायीले आफूलाई भएको थप व्ययभार वापत क्षतिपूर्तिको दाबी गरेमा सार्वजनिक निकायले जाँचबुझ गरी त्यस्तो विपद्को कारणले निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा भएको थप व्ययभारको हदसम्मको रकम क्षतिपूर्ति भुक्तानी गर्न सक्नेछ ।

२०. भुक्तानी हुने मुद्रा: (१) निर्माण व्यवसायीलाई भुक्तानी दिंदा नेपाली मुद्रामा भुक्तानी हुने व्यवस्था गर्नु पर्नेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय स्तरको बोलपत्रका लागि बढीमा सत्तरी प्रतिशत रकम विदेशी मुद्रामा भुक्तानी गर्न सकिने व्यवस्था गर्न सकिनेछ ।

२१. <u>नमूना बोलपत्र सम्बन्धी कागजात तयार गर्ने:</u> (१) कार्यालयले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम ई.पी.सी. माध्यमबाट गरिने खरिदको लागि नमूना बोलपत्र कागजात तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना बोलपत्र कागजातको मस्यौदा तयार गर्न कार्यालयले सरोकारवाला निकायको प्रतिनिधि र सम्बन्धित क्षेत्रका विज्ञ समेत रहने गरी समिति गठन गर्न सक्नेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची

(दफा ५ को उपदफा (१) को खण्ड (क) र उपदफा (३) सँग सम्बन्धित)

<u>लागत अनुमानको गणना विधि</u>

(क) आइटमको दररेट निकाल्ने तरिकाः

श्रमिकहरुको खर्च ............................................................ (क)

निर्माण सामाग्रीको खर्च ...................................................... (ख)

यान्त्रिक उपकरणको भाडा (तैल्य पदार्थ सहित)............................. (ग)

आइटमको दररेट (क+ख+ग) = (घ)

बोलपत्रदाताको ओभरहेड (घ को १५ प्रतिशत) = ०.१५x (घ)

जम्मा दररेट (ङ) = १.१५x (घ)

(ख) लागत अनुमान निकाल्ने तरिकाः

| क्र.सं. | आइटम | एकाइ | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | आइटम (१) | | (च) | (ट) | (च)x(ट) |
| २ | आइटम (२) | | (छ) | (ठ) | (छ)x(ठ) |
| ३ | आइटम (३) | | (ज) | (ड) | (ज)x(ड) |
| ... | इत्यादी | | | | |

कुल लागत अनुमान (व) = (चxट+छxठ+जxड+.....)

(ग) दुई वर्षभन्दा बढी सम्झौता अवधिको खरिदका लागि देहाय बमोजिम समायोजन गरी कुल लागत अनुमान (व') तयार गर्नु पर्नेः

$व' = व\ (१+ढ/१००)^{त/२}$

ढ= विगत दश वर्षमा प्रत्येक वर्षको मुद्रास्फिति दरको औसत (स्रोतः नेपाल राष्ट्र बैंकको उपभोक्ता मूल्य सूचकाङ्क)

त= आयोजना अवधि (वर्ष)

<u>उदाहरण</u>

"ढ" निकाल्ने तरिका

| वर्ष | $वर्ष_{१}$ | $वर्ष_{२}$ | $वर्ष_{३}$ | $वर्ष_{४}$ | $वर्ष_{५}$ | $वर्ष_{६}$ | $वर्ष_{७}$ | $वर्ष_{८}$ | $वर्ष_{९}$ | $वर्ष_{१०}$ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मुद्रास्फिति दर | $ढ_{१}$ | $ढ_{२}$ | $ढ_{३}$ | $ढ_{४}$ | $ढ_{५}$ | $ढ_{६}$ | $ढ_{७}$ | $ढ_{८}$ | $ढ_{९}$ | $ढ_{१०}$ |

$ढ = (ढ_{१}+ढ_{२}+.....+ ढ_{१०})/१०$

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं